# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७४।०८।२८ गते

# प्रेस विज्ञप्ति

**विषय: घुस रकम सहित नियन्त्रणमा लिईएको।**

---

मालपोत कार्यालय, भक्तपुरमा कार्यरत नायब सुब्बा देवराज काफ्लेले सुर्यविनायक न.पा. वडा नं. १ नङ्खेलको जग्गा डोर पास गर्ने प्रयोजनको लागि सेवाग्राहीसँग विभिन्न बहानामा घुस रिसवत माग गरिरहेको भन्ने उजुरी एवम् निवेदनको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगालबाट खटिई गएको टोलीले निज देवराज काफ्लेलाई घुस बापतको रु.१,००,०००/- (एक लाख) लिएको अवस्थामा मालपोत कार्यालयको अन्डर ग्राउन्डबाट नियन्त्रणमा लिई अनुसन्धान भइरहेको छ ।

(विष्णु प्रसाद पोखरेल)
सह-सचिव एवं प्रवक्ता